श्री

# राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

२०७९।०८० सालको निर्णय नं. २९०

पुनरावेदन नं. ०७७-RB-०२५३

**मुद्दाः- आयकर (२०७१/०७२)।**

| | |
|---|---|
| सिटिजन्स बैंक इन्टरनेशनल लि. काठमाडौं (स्थायी लेखा नं. ३०२४०६४३६) (साविक नेपाल हाउजिङ एण्ड मर्चेण्ट फाइनान्स लि.) को तर्फबाट अधिकार प्राप्त सो बैंकको प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेल.................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट....................................................१<br>श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर.........................................१ | प्रत्यर्थी |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालय : ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारी : प्रमुख कर प्रशासक श्री धनिराम शर्मा

शुरु निर्णय मिति : २०७६/०३/२०

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विनोद बहादुर कुँवर

निर्णय मितिः २०७७/०३/०७

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान वरिष्ठ अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठ

: विद्वान अधिवक्ता श्री नितेश श्रेष्ठ

प्रत्यर्थीको तर्फबाट : विद्वान सहायक-न्यायाधिवक्ता श्री संगिता थोकर

आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७/३/७ मा भएको निर्णयमा चित्त नबुझाई सो उपर आयकर ऐन, २०५८ को दफा ११६ तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम करदाताको तर्फबाट यस न्यायाधिकरणमा परेको प्रस्तुत पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यसप्रकार रहेको छः-

**<u>तथ्य खण्ड</u>**

१. ठूला करदाता कार्यालयको कार्यक्षेत्र अन्तर्गतका करदाता श्री साविक नेपाल हाउजिङ एण्ड मर्चेण्ट फाइनान्स लि. को आ.व. २०७१/०७२ को आय विवरण आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरमा मिति २०७२/०६/२२ मा विवरण पेश गरेको।

२. प्रस्तुत करदाताको आ.व. २०७१।०७२ को आय विवरणका सम्बन्धमा ठूला करदाता कार्यालयबाट कर परीक्षणको सिलसिलामा करदाताबाट आय विवरण साथ प्राप्त अन्य कागजातको अध्ययन, छानविन तथा हिसाव कितावको परीक्षण गर्दा आयकर ऐन, २०५८ बमोजिम  कट्टी गर्न नपाइने खर्चहरू दावी भएको तथा व्यवसायको मुनाफा र लाभतर्फ गणना हुनुपर्ने रकम समावेश भएको नदेखिएको सोही ऐनको दफा १०१ बमोजिम संशोधित करयोग्य आय कायम गर्नु पर्ने भएको हुँदा सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिन भित्र पेश गर्न आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिम विस्तृत व्यहोरा खुलाई ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट करदाताको नाममा मिति २०७६/०२/२१ मा सूचना जारी भएको।

३. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७६/०२/२१ मा जारी भएको सूचना करदाताले मिति २०७६/०२/२८ मा बुझी लिई सो को लिखित जवाफ म्यादभित्रै मिति २०७६/०३/१० मा जवाफ पेश गरेको।

४. करदाताले अनुसूची-५ को आय विवरणमा पेश गरेको आय विवरणमा आयबाट खर्च कट्टी पछिको नोक्सानी जम्मा रु.८,५१,५०,६६७।३९ देखिएकोमा करदाताले पेश गरेको रिकन्सिलेसन विवरणबाट रु.८,५०,४५,४२१।३९ मात्र नोक्सानी रहेको कागजात कर परीक्षणको क्रममा पेश हुन आएकोले बढी खर्च दावी गरेको रु. १,०५,२४६।- आयकर ऐन, २०५८ को दफा १३(ग) बमोजिम खर्च मान्न सकिने आधार र प्रमाण नहुँदा सोही ऐनको दफा २१ को उपदफा (१) को खण्ड (च) बमोजिम खर्च कट्टी नहुने साथै बैंकको नाफा नोक्सान हिसावको अनुसूची ४.२८ मा असामान्य कारोवारहरुबाट भएको खर्चतर्फ आ.व.२०७१।०७२ मा अपलेखन भएको कर्जा रकम भनी दावी गरेको तर आयकर ऐन, २०५८ को दफा ५९(१क) र ५९(१ग) बमोजिम जोखिम व्यहोर्ने कोष तथा कर्जा अपलेखन खर्च दावी गरेको रकम

जोखिम व्यहोर्ने कोष तथा गैर बैकिङ्ग सम्पत्ति वापत व्यवस्था गरिएको रकम समेतको पाँच प्रतिशतसम्मको रकमलाई खर्चको रुपमा कट्टी गर्न पाईने व्यवस्था रहेकोमा करदाताले यस आर्थिक बर्षको गणना गरेको कर्जा नोक्सानी व्यवस्था बमोजिम सो सीमा नाघेको देखिएको हुँदा नपाउने बढी खर्च दावी गरेको कर्जा अपलेखन खर्च कट्टी गर्न नमिल्ने कारणबाट प्रस्तुत करदाताको आ.व. २०७१।०७२ को लागि रू.४०,५९,४६७।३९ नोक्सानी कायम गर्ने गरी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७६/०३/२० मा भएको संशोधित कर निर्धारण आदेश।

५. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७६/३/२२ मा जारी गरेको आ.व. २०७१/०७२ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी साविक नेपाल हाउजिङ एण्ड मर्चेन्ट फाइनान्स हाल सिटिजन्स बैंक इन्टरनेशनल लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७६/०५/२९ मा आन्तरिक राजस्व विभागमा निवेदन पेश गरेको।

६. ठूला करदाता कार्यालय, कार्यालयवाट आयकर ऐन (संशोधन सहित), २०५८ को दफा ५९(१) र (१क) बमोजिम नेपाल राष्ट्र वैकले तोकेको मापदण्डको अधिनमा रही जोखिम व्यहोर्ने कोषमा राखेको असुल हुन वाँकी ऋण रकम तथा गैर वैकिङ्ग सम्पत्ति वापतको व्यवस्था गरिएको रकम समेतको ५ प्रतिशत सम्मको रकमलाई खर्च कट्टीको रुपमा लिन पाउने व्यवस्था रहेकोमा निवेदकले कर्जा अपलेखन खर्चलाई जोखिम व्यहोर्ने कोषमा आम्दानी नजनाई अन्य संचालन खर्च अन्तर्गत दावी गरेको र उक्त खर्च आयकर ऐन तथा निर्देशिका वमोजिम पाउने रकम भन्दा वढी दावी देखिएकोले यस सम्वन्धमा आयकर ऐन, २०५८, को दफा ५९(१क) र (१ग) वमोजिम खर्च कट्टी नपाउने भनी कार्यालयले गरेको निर्णय कानून सम्मत देखिएकोले निवेदकको निवेदन जिकिर नपुग्ने ठहर्छ भन्ने समेत व्यहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।०७ मा प्रशासकीय पुनरावलोकनको क्रममा भएको निर्णय।

७. साविक नेपाल हाउजिङ एण्ड मर्चेन्ट फाईनान्स हाल सिटिजन बैंक ईन्टरनेशनल लि.ले आयकर ऐन, २०५८ को दफा ५९(१क) अनुसार जोखिम व्यहोर्ने कोषमा राखेको असुल हुन बाँकी रकम तथा गैर बैकिङ्ग सम्पत्ति समेतको पाँच प्रतिशत सम्मको रकमलाई खर्चको रुपमा कट्टी गर्न पाउने हुँदा अपलेखन गरिएको रकम थप गरी हुन आउने कूल असुल हुन बाँकी ऋण रकम तथा गैर बैकिङ्ग सम्पत्ति समेतको पाँच प्रतिशत खर्च कट्टी पाउनेमा गत बर्ष बढी कट्टी दावी लिएकोले सो बढी रकम मध्ये रु.७०,००,३७१।३३ लाई आयमा समावेश गरिसकिएकोले यस आर्थिक बर्षमा अपलेखन गरिएको रकम समेत कट्टी पाउनु पर्ने अवस्था रहेकोमा ठूला करदाता कार्यालयले आ.व.२०७१।०७२ को कर परीक्षण गरी जोखिम व्यहोर्ने

कोषमा आयकर ऐन, २०५८ को दफा ५९ बमोजिम पाउने खर्च कट्टी भन्दा बढी खर्च कट्टी दावी गरेको भन्ने आधार लिई उक्त खर्च कट्टी दिन नमिल्ने गरी भएको संशोधित कर निर्धारण आदेश र उक्त आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्नेशकबाट भएको प्रशासकीय पुनरावलोकनको निर्णय गैरकानूनी र अन्यायपूर्ण हुँदा निर्णय बदर गरी स्वयं कर निर्धारण विवरण बमोजिमको हिसाव गरी बक्यौता देखाएको लगत कट्टा गरी पाउँ भन्ने समेत व्यहोराको करदाताको तर्फबाट मिति २०७७।०६।३० मा यस न्यायाधिकरण दर्ता भएको पुनरावेदन पत्र।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु। साथै, लगाउका ०७६-RB-००३६, ०७६-RB-००३७ र ०७६-RB-००३८ का मुद्दा समेत साथै राखी पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९/०१/०२ मा भएको आदेश।

## ठहर-खण्ड

९. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनराबेदन पत्र एवं प्राप्त सुरु मिसिल समेत अध्ययन गरी पुनरावेदक करदाता सिटिजन्स् बैंक ईन्टरनेशनल लि.का तर्फबाट उपस्थित हुनुभएका विद्वान वरिष्ठ अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठ र विद्वान अधिवक्ता श्री नितेश श्रेष्ठले करदाताको आ.व. २०७१/७२ को आयकरका सम्बन्धमा सुरु ठूला करदाता कार्यालयबाट भएको संशोधित कर निर्धारण आदेश तथा आन्तरिक राजस्व विभागबाट भएको निर्णय समेत कानूनसम्मत नभएको हुँदा सो बदर गरी पाउँ भनी तथा प्रत्यर्थी कार्यालयहरुका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय काठमाडौंका विद्वान सहायक-न्यायाधिवक्ता श्री संगिता थोकरले पुनरावेदक करदाताको हकमा भएको संशोधित कर निर्धारण आदेश तथा प्रशासकीय पुनरावलोकनको निर्णय समेत कानूनसम्मत रहेको हुँदा सो निर्णय सदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

१०. पुनरावेदक करदाताबाट लिइएको पुनरावेदन जिकिर, दुवै तर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा ठूला करदाता कार्यालय, ललितपुरबाट पुनरावेदक करदाताको हकमा भएको संशोधित कर निर्धारणको आदेश र उक्त आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन? करदाताको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन भन्ने प्रश्नमा निर्णय दिनुपर्ने देखियो।

११. अव पुनरावेदक करदाताले लिएको पुनरावेदन जिकिरतर्फ हेर्दा, एकमात्र जिकिर संशोधित कर निर्धारण गर्दा ठूला करदाता कार्यालयबाट जोखिम व्यहोर्ने कोष तथा कर्जा अपलेखन खर्चका सम्बन्धमा कट्टीलाई मान्यता नदिएको त्रुटीपूर्ण रहेको भन्ने

देखियो। ठूला करदाता कार्यालयबाट संशोधित कर निर्धारण आदेशको क्रममा साविक नेपाल हाउजिङ एण्ड मर्चेन्ट फाईनान्स हाल सिटिजनस् बैंक ईन्टरनेशनल लि.को आ.व.२०७१।०७२ को कर परीक्षण गरी आयकर ऐन, २०५८ को दफा ५९ बमोजिम जोखिम व्यहोर्ने कोष तथा कर्जा अपलेखन खर्च दावी पाउने खर्च कट्टी भन्दा बढी खर्च दावी गरेकोले उक्त खर्च कट्टी दिन नमिल्ने भन्ने आधार उल्लेख गरेको देखिन्छ। आयकर ऐन, २०५८ को दफा ५९(१क) अनुसार जोखिम व्यहोर्ने कोषमा करदाताले राखेको असुल हुन बाँकी ऋण रकम तथा गैर बैकिङ्ग सम्पत्तिको पाँच प्रतिशत सम्मको रकमलाई खर्चको रुपमा कट्टी गर्न पाउने हुँदा अपलेखन गरिएको रकम थप गरी हुन आउने कुल असुल हुन बाँकी ऋण रकम तथा गैर बैकिङ्ग सम्पत्ति समेतको पाँच प्रतिशत खर्च कट्टी पाउनेमा गत बर्ष बढी कट्टी दावी लिएकोले सो बढी रकम मध्ये रु.७०,००,०००।- लाई आयमा समावेश गरिसकेको कारण यस आ.व.मा अपलेखन गरिएको रकम समेत कट्टी पाउनु पर्ने भन्ने करदाताको पुनरावेदन जिकिर रहेको देखिन्छ। उक्त जिकिरका सम्बन्धमा हेर्दा, आयकर ऐन, २०५८ को दफा ५९(१क) मा "*नेपाल राष्ट्र बैंकले तोकेको मापदण्डको अधिनमा रही बैकिङ्ग व्यवसाय संचालन गर्ने व्यक्तिले जोखिम व्यहोर्ने कोषमा राखेको असुल हुन बाँकी ऋण रकम तथा गैर बैकिङ्ग सम्पत्ति वापत व्यवस्था गरिएको रकम समेतको ५ प्रतिशतसम्मको रकमलाई खर्च कट्टीको रूपमा कट्टी गरिनेछ*" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। सोही दफाको उपदफा (१ग) मा "*जोखिम व्यहोर्ने कोष कायम रहेको अवस्थामा नउठ्ने आसामी भनी मुनाफाबाट खर्च लेखिएमा मिन्हा हुने छैन र त्यस्तो कोषमा रहेको रकम पुँजीकृत गरिएमा वा मुनाफा वा लाभांश बाँडफाँड गरिएमा जुन वर्ष बाँडफाडँको गरिएको छ सोही वर्षको आयमा समावेश गर्नुपर्ने प्रावधान रहेको*" देखिन्छ। उक्त कानूनी व्यवस्था अनुसार असुली हुन बाँकी कर्जा रकमको लागि राखिएको जोखिम व्यहोर्ने कोष नेपाल राष्ट्र बैंकको मापदण्ड अनुसार ५ प्रतिशत भन्दा वढी भएपनि ५ प्रतिशतसम्म मात्र र ५ प्रतिशत भन्दा कम भए सो रकम बरावर मात्र खर्च कट्टी गर्न मिल्नुका साथै अघिल्लो आर्थिक वर्षमा जोखिम व्यर्होने कोषमा राखिएको रकम अर्थात आयकर प्रयोजनको लागि खर्च कट्टी भएको रकम पछिल्लो बर्ष त्यस्तो जोखिम व्यर्होने कोष कम वा घटी भएको अवस्थामा त्यस्तो आयकर गणना गर्दा खर्च कट्टी भएको जति रकम सोही बर्षको करयोग्य आयमा समावेश गर्नु पर्नेमा पुनरावेदक करदाताले सो गरेको देखिन आएन। आयकर ऐन,२०५८ को दफा ५९(१क) बमोजिम जोखिम व्यहोर्ने कोष तथा कर्जा अपलेखन खर्च लिएको रकम असूली हुँदा सोही ऐनको दफा २५ को उपदफा (१क) बमोजिम मुनाफा र लाभमा समावेश गर्नुपर्नेमा पुनरावेदक करदाताले सो गरेको नपाईएकोले उक्त रकम मुनाफा तथा लाभतर्फ समावेश गर्नु पर्ने नै देखिँदा कर्जा असुल रकमलाई आयमा समावेश गर्ने गरी शुरु ठूला करदाता कार्यालयले गरेको निर्णय र सोही निर्णय

सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत कानून सम्मत नै रहेको देखिन्छ। करदाताको पुनरावेदन जिकिरसंग सहमत हुन सकिएन।

१२. अतः माथि विवेचित आधार एवं कारण समेतबाट करदाता साविक हाउजिङ एण्ड मर्चेन्ट फाईनान्स लि. (स्थायी लेखा नं.५०००५८२७१) हाल सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडको आ.व. २०७१।०७२ को ठूला करदाता कार्यालय ललितपुरबाट संशोधित कर निर्धारण गरी मिति २०७६।३।२० मा भएको आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।३।७ मा भएको निर्णय मिलेको देखिँदा सदर हुने ठहर्छ। करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नू।

**<u>तपसिल खण्ड</u>**

१. फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई पठाईदिनू।

२. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।

३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।

४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरु मिसिल ठूला करदाता कार्यालय, ललितपुर पठाई रेकर्ड मिसिल अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>

शाखा अधिकृतः प्रमोद रिजाल

कम्प्यूटर अपरेटरः चन्द्र बहादुर नेपाली

ईति सम्वत् २०७९ साल चैत्र २१ गते रोज ३ शुभम् ---------------------------------

फैसला प्रमाणिकरण मितिः-

प्रमाणिकरण गर्ने लेखा सदस्यः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप